## कार्यक्रम दर्शन

The Baldwin-Whitehall स्कुल डिस्ट्रिक्टको प्रि-किन्डरगार्टन कार्यक्रम सिकाइमा सकारात्मक दृष्टिकोणहरू विकास गर्न डिजाइन गरिएको हो।

यी क्षेत्रहरूमा सहायक कक्षाकोठा वातावरण डिजाइन गर्ने, विद्यार्थीहरूमा सामाजिक, भावनात्मक र व्यवारात्मक सीपहरू सबल बनाउने र परिवारहरूसँग सहकार्यात्मक रूपमा काम गर्ने कुराहरू समावेश हुन्छन्।

हाम्रो दृष्टिकोण Pennsylvania Early Learning Standards (Pennsylvania का प्रारम्भिक सिकाइका मापदण्डहरू) ले तोकेका नतिजाहरूसँग अनुरूप पनि छ र विद्यार्थीहरूको शैक्षिक सिकाइ, उपलब्धि र वृद्धि अधिकतम बनाउनका लागि यो डिजाइन गरिएको हो।

## कार्यक्रमको तयारीका मार्गहरू

- सामाजिक-भावनात्मक विकास (आत्म-सजगता, आत्म-नियमन, सामाजिक योग्यता र सामाजिक सचेतना)
- मौखिक भाषाको विकास (बोलाइ र कुराकानी, श्रवण बोध, शब्दावली र वाक्य संरचना)
- आकस्मिक पठन (अवधारणाहरू वा प्रिन्ट, ध्वन्यात्मक सचेतना, वर्णमालाको ज्ञान र बोध)
- आकस्मिक लेखनका साथमा फाइन मोटर विकास (हारको सानो मांशपेशी सबल बनाउनमा ध्यान दिने, अझ राम्रो पत्र रचना गर्नमा बढावा दिने)
- गणितको विकास (सङ्ख्याको ज्ञान, ज्यामिति र स्थानिक ज्ञान, मापन र वर्गीकरण र ढाँचा)

विद्यालयको निर्देशन समिति

अध्यक्ष Karen Brown

पहिलो उपाध्यक्ष Greg A. Zeman
दोस्रो उपाध्यक्ष Amanda L. Priano

John W. Bell Peter D. Giglione Janice Tarson

Dr. Anthony J. DiCesaro
Daniel Knezevich
Melissa Wood

समिति सचीव Theanita Hampsay
वकील Weiss, Burkhardt, Kramer, LLC

विद्यालय सुपरिटेन्डेन्ट
Dr. Randal A. Lutz

शिक्षण तथा सिकाइका लागि सहायक सुपरिटेन्डेन्ट
Dr. Kara Eckert

### सम्पर्क जानकारी

*शिक्षण तथा सिकाइ निर्देशक*
Mrs. Andrea Huffman 412-884-6300 ext. 7261

*विद्यार्थी सेवा निर्देशक*
Ms. Marissa Gallagher 412-884-6300 ext. 7241

*McAnnulty प्राथमिक विद्यालय शिक्षक*
Mrs. Tricia Fusco
412-714-2020

*प्रि-किन्डरगार्टन शिक्षक*
विचाराधीन

**Baldwin-Whitehall स्कुल डिस्ट्रिक्ट**

# प्रि-किन्डरगार्टन कार्यक्रम 2024-2025

McAnnulty Elementary School
5151 McAnnulty Road
Pittsburgh, PA 15236




**412-884-6300**
www.bwschools.net

# बारम्बार सोधिने प्रश्नहरू

## योग्यताका आवश्यकताहरू के-के हुन्?

- विद्यार्थीहरू सेप्टेम्बर 1, 2024 भन्दा अघि 4 वर्षको हुनु पर्छ।
- पारिवारिक आम्दानी सङ्घीय गरिबी मार्गदर्शकको 300% भन्दा बढी हुनु हुँदैन।
- Baldwin-Whitehall स्कुल डिस्ट्रिक्टको बासिन्दा।

## कार्यक्रमका आवश्यकताहरू के-के हुन्?

- यो कार्यक्रम BWSD पात्रो अनुरूप हुने छ जसमा दैनिक कार्यतालिका निर्धारण गर्न बाँकी छ।
- 10 पटक अनुपस्थित भएपछि बालबालिकालाई कार्यक्रमबाट हटाउन सकिन्छ।

## कक्षामा कति जना विद्यार्थी र शिक्षक हुने छन्?

- अधिकतम 20 जना विद्यार्थी
- एक जना शिक्षक र एक जना सहायक शिक्षक

## कार्यक्रमको शुल्क लाग्छ?

- योग्य परिवारहरूलाई शुल्क लाग्ने छैन।
- दैनिक कार्यतालिकाअनुसार खाना उपलब्ध गराइने छ।

## यातायात उपलब्ध गराइने छ?

- उपलब्धताका आधारमा यातायात उपलब्ध गराइन सक्छ।

## कार्यक्रम कहाँ अवस्थित छ?

- यस कार्यक्रम निम्न ठेगानामा अवस्थित हुने छ: McAnnulty Elementary School 5151 McAnnulty Road Pittsburgh, PA 15236.

## अभिभावकहरू कसरी संलग्न हुने छन्?

- बुबाआमा/अभिभावकहरूले पारिवारिक कार्यक्रम र अभिभावक/शिक्षक सम्मेलन जस्ता विभिन्न अवसरहरूमार्फत विद्यालयसँग साझेदारी गर्ने छन्।

## म आफ्नो बच्चालाई कसरी भर्ना गर्न सक्छु?

- अग्रिम-भर्ना
  - BWSD प्रि-के कार्यक्रमको आवेदन
  - BWSD प्रि-के आम्दानी प्रमाणीकरण
  - आम्दानीको प्रमाण (हाल काम गरिरहेको भएमा W-2 र 3 का हालका पेस्टब)
  - हस्ताक्षरित प्रतिबद्धता फाराम
- विद्यार्थी चयन प्रक्रिया
- डिस्ट्रिक्टमा भर्ना *(विद्यार्थीहरू चयन भएपछि)*
  - परिवारहरूले अनलाइनमा भर्ना गर्न BWSD का भर्नासम्बन्धी प्रक्रियाहरू पालना गर्ने छन्।

## मैले आवेदन कहाँ फेला पार्न सक्छु?

- भर्ना-पूर्व आवश्यक सबै कागजातहरू BWSD प्रि-के कार्यक्रमको यस वेबसाइटमा दिइएका छन्: https://www.bwschools.net/our-district/prek-registration

## मैले आवेदन भरेर कहाँ पठाउनु पर्छ?

- कृपया भरिएको आवेदन र आवश्यक कागजात निम्न ठेगानामा पठाउनुहोस्:

**Baldwin-Whitehall School District c/o Education Services Office 4900 Curry Road Pittsburgh, PA 15236**